## मिति २०८०/११/२२ गतेको नगरकार्यपालिकाको निर्णयहरु :

**निर्णय नं. १**

श्री मंगल प्रसाद माध्यमिक विद्यालय, नेपालगञ्ज, बाँकेको पत्र संख्या २०८०/०८१, चलनी नं. १३४, मिति २०८०/११/१४ गतेको पत्रानुसार विद्यालयको नमुना विद्यालय विकास कार्यक्रम अन्तर्गत प्राप्त तेस्रो बर्ष (आ.व.२०८०/०८१) को अनुदान रकम रु.१,००,००,०००.०० (एक करोड मात्र) टेन्डर आह्वानबाट रु.६३,२१,८२१.५९ (त्रिसठ्ठी लाख एक्काईस हजार आठ सय एक्काईस रुपैयाँ उनान्साठी पैसा मात्र) कबुल भई भवन निर्माणको कार्य सम्पादन भई रहेको र कम कबुल भई बचत हुन आएको रकमबाट प्राविधिकको लागत अनुमान अनुसार रु.३६,७७,१५६.८४ (छत्तिस लाख सतहत्तर हजार एक सय छपन्न रुपैयाँ चौरासी पैसा मात्र) बराबरको पुन विद्युत्तीय माध्यमबाट बोलपत्र आह्वान गर्नका लागि अनुमति प्रदान गरिदिन अनुरोध भएकोमा सोको पुन विद्युत्तीय माध्यमबाट बोलपत्र आह्वान गर्नका लागि अनुमती प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ बमोजिम हरेक बर्ष गरिने स्थानीय तहको स्वमूल्याङ्कन (LISA) को बार्षिक कार्ययोजना अनुरुप आ. व. २०७९।०८० को यस नेपालगञ्ज उप-महानगरपालिकाको स्वमूल्याङ्कन बापतको प्राप्ताङ्क ६७.५ पृष्ठपोषणका लागि जिल्ला समन्वय समिति बाँकेमा पठाइएकोमा पृष्ठपोषण समेत प्राप्त भई सोहि अङ्क कायम भई आएको हुँदा उक्त नतिजा सार्वजनिक गर्ने प्रयोजनका लागि अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

यस नेपालगञ्ज उप-महानगरपालिका क्षेत्रमा आवश्यक जग्गा प्राप्तिका लागि अध्ययन गर्न तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | नाम, थर | पद |
|---|---|---|
| १. | श्री बसन्त कुमार कनौजिया, कार्यपालिका सदस्य | संयोजक |
| २. | श्री प्रमोद रिजाल, वडा अध्यक्ष, वडा नं.०१ | सदस्य |
| ३. | श्री मनोज कुमार श्रेष्ठ, वडा अध्यक्ष, वडा नं.०२ | सदस्य |
| ४. | श्री नन्द किशोर कश्यप, वडा अध्यक्ष, वडा नं.११ | सदस्य |
| ५. | श्री राजकुमार साहु, वडा अध्यक्ष, वडा नं.२१ | सदस्य |
| ६. | कानून अधिकृत | सदस्य-सचिव |

**निर्णय नं. ४**

यस नेपालगञ्ज उप-महानगरपालिकाका निर्वाचित जनप्रतिनिधीहरु तथा कर्मचारीहरुका लागि सरकारी लेखा प्रणाली र लेखा परिक्षण सम्वन्धि क्षमता अभिबृद्धि तालिम सञ्चालन गर्ने निर्णय गरियो ।

नेपालगंज उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय नेपालगंज, बाँके सुर्खेत नेपाल २०७३

## मिति २०८०/११/२२ गतेको नगरकार्यपालिकाको निर्णयहरु :

### निर्णय नं. ५

राष्ट्रिय वाणिज्य बैंक लि., शाखा कार्यालय नेपालगञ्ज, बाँकेको पत्र संख्या ०८०/०८१, चलनी नं. ५१०, मिति २०८०/०९/१९ गतेको पत्रानुसार यस उप-महानगरपालिका अन्तर्गतका दश वटा वडा कार्यालयहरुमा सामाजिक सुरक्षा भत्ता वितरणमा खटिएका तपसिलमा उल्लेख भएका कर्मचारीहरुलाई तपसिल बमोजिमको रकम आ.व. २०८०/०८१ को स्वीकृत वजेट, योजना तथा कार्यक्रम नगर कार्यपालिकाको निर्णयबाट कार्यान्वयन हुने कार्यक्रमबाट भुक्तानी दिने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | नाम, थर | खाता नं. | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | श्री आशिष ज्ञवाली | ४०६०१००००७२५१०११ | १२७१८.०० | |
| २. | श्री राम कृष्ण थारु | ४११५०१००००४८१२०११ | १२७७७.०० | |
| ३. | श्री कमल रावत | ४१३०१०००२५६०२०११ | १२६९१.०० | |
| जम्मा रु. | | | ३८१८६.०० | |

### निर्णय नं. ६

यस नेपालगञ्ज उप-महानगरपालिका क्षेत्रभित्र निर्माण भईसकेका तर प्रमाणिकरण तथा नक्शा पास हुन बाँकी रहेका भवनहरुको एकिन हुन नसकेको हुँदा प्रमाणिकरण तथा नक्सा पास नभएका भवनहरुको तपसिल बमोजिमको ढाँचामा भवनको फोटो सहितको तथ्याङ्क कार्यालय प्रयोजनका लागि संकलन गर्नका लागि २(दुई) महिनाको सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

तपसिल

क) आवश्यक विवरण

१. जग्गाधनीको नाम
२. वडा न
३. टोलको नाम
४. सम्पर्क ब्यात्ति
५. सम्पर्क नं
६. भवन बनेको मिति
७. तला संख्या
८. भवनको प्रकार (पिल्लर भएको/नभएको...)

ख) पेश गर्नुपर्ने कागजातहरु

१. जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपि
२. नागरिकताको प्रतिलिपि
३. वडा कार्यालयको सिफारिस
४. तिरो तिरेको रसिदको प्रतिलिपि
५. भवनको फोटो

गोर्ख बहादुर थापा
उप-सचिव (प्रा.)
नि. प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

CamScanner

मिति २०८०/११/२२ गतेको नगरकार्यपालिकाको निर्णयहरु :

निर्णय नं. ७

यस नेपालगञ्ज उप-महानगरपालिकाको नगर स्तरीय खेलकुद विकास समिति गठन कार्यविधि, २०८० तर्जुमाका लागि मस्यौदा निर्माण सामाजिक विकास समिति मार्फत गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

यस नेपालगञ्ज उप-महानगरपालिकालाई विपक्षी बनाई सम्मानित श्री सर्वोच्च अदातलमा दर्ता भएका मुद्दाहरुको लिखित जवाफ पेश लगाएतका काम गर्ने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारीलाई दिने निर्णय गरियो ।

निर्णय नं. ९

यस नेपालगञ्ज उप-महानगरपालिका क्षेत्रभित्र नगरपालिकाद्वारा निर्माण हुने ठुला भौतिक संरचनाहरुमा अनिवार्य रुपमा सिलालेख राख्ने निर्णय गरियो ।

निर्णय नं. १०

साविकको नेपालगञ्ज नगरपालिका र हाल नेपालगञ्ज उप-महानगरपालिकामा विभिन्न मितिमा राजश्व जम्मा गरी नक्सा दर्ता भईसकेका तर विविध कारणले प्रक्रिया अगाडी नबढेका नक्साहरुको हकमा दर्ता भएको नक्सा बमोजिम निर्माण भईसकेका घरहरुलाई नक्सा पास वापत लाग्ने दस्तुरको तेब्बर दस्तुरमा पहिले तिरेको दस्तुर घटाई नक्सा प्रमाणित गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

यस नेपालगञ्ज उप-महानगरपालिका, नगरकार्यपालिकाको कार्यालयमा नगर प्रमुखको स्वकीय सचिवको रुपमा श्री सुबोध बर्मा, नगर उप-प्रमुखको स्वकिय सचिवको रुपमा श्री अरविन्द शर्मा, कानूनी सल्लाहकारको रुपमा श्री लोक बहादुर शाह र प्रेस सल्लाहकारको रुपमा श्री नविन गिरी गत विगत आ.व. देखि निरन्तर रुपमा कामकाज गर्दै आईरहेको र कार्यालयको कार्यसम्पादनलाई प्रभावकारी रुपमा सञ्चालन गर्न निजहरुको आवश्यकता समेत रहेको हुँदा चालु आ.व. २०८०/०८१ को माघ महिना देखि असार मसान्तसम्मको लागि साविककै सेवा सुबिधा तथा शर्तहरु रहने गरी सेवा करार थप गरी सेवा लिने निर्णय गरियो ।

निर्णय नं. १२

यस नेपालगञ्ज उप-महानगरपालिकालाई सम्बोधन गरी विभिन्न निकायबाट प्राप्त पत्रहरुको विषयमा छलफल गरियो ।

गोर्ख बहादुर थापा
उप-सचिव (प्रा.)
नि. प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त बिष्ट
प्रमुख
नेपालगंज उप महानगरपालिका

## मिति २०८०/११/२२ गतेको नगरकार्यपालिकाको निर्णयहरु :

निर्णय नं. १३

यस नेपालगञ्ज उप-महानगरपालिका अन्तर्गत ३ नं. वडा कार्यालयको पत्र संख्या २०८०/०८१, चलानी नं. ४१७, मिति २०८०/०९/२६ गतेको पत्रानुसार वडा कार्यालय भवन निर्माणका लागि वडाबाट वजेट विनियोजन भएको र नगरपालिका समेतबाट विनियोजन भएको वजेटबाट रु.१०००००0.०० (दश लाख मात्र) सोही भवन निर्माणका लागि माग भई आएको हुँदा आ.व.२०८०/०८१ को स्वीकृत, वजेट, योजना तथा कार्यक्रम ने.ग.उ.म.न.पा. १ देखि १२ नं. वडाबाट मागमा आधारित कार्यालय भवन, सडक र नाला निर्माण तथा मर्मत कार्यक्रम बाट वडा कार्यालयको नाममा रु.१००००००.०० (दश लाख मात्र) निकासा दिने निर्णय गरियो ।

गोर्ख बहादुर थापा
उप-सचिव (प्रा.)
नि. प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त बिष्ट
प्रमुख
नेपालगंज उप महानगरपालिका